इजाजत पत्र लिएर मात्र सुर्तिजन्य पदार्थ बिक्री वितरण गर्ने बारे

# नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको

# अत्यन्त जरूरी सूचना

सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा ११ (६) को व्यवस्था बमोजिम सूर्तिजन्य पदार्थको बिक्री वितरण समयानुकूल, व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७३।१०।६ को निर्णयानुसार देहाय बमोजिम गर्नु गराउनुहुन सरोकारवाला सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सूर्तिजन्य पदार्थको बिक्रि वितरण गर्नको निम्ति पालना गर्नुपर्ने व्यवस्था:**

१. व्यवसाय वा कारोबार दर्ता गर्ने निकायमा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट छुट्टै ईजाजतपत्र लिनुपर्नेछ ।

२. दैनिक उपयोग्य बस्तु बिक्री वितरण गर्ने स्थानबाट सूर्तिजन्य पदार्थको बिक्री वितरण गर्न पाइनेछैन ।

३. अलग्गै पसल वा स्थानबाट मात्र सूर्तिजन्य पदार्थको कारोबार तथा बिक्री वितरण गर्नुपर्नेछ ।

४. सूर्तिजन्य पदार्थको कारोबार गर्ने इजाजत पत्र प्राप्त गरेपश्चात आफ्नो कारोबार स्थल, पसलको अग्रभागमा एवं बिक्री कक्षको प्रवेश द्वारमा सबैले सजिलै देख्न र पढ्न सक्ने गरी देहायको विवरण खुलाईएको सूचना पाटी राख्नुपर्नेछ ।
(क) अठार बर्ष उमेर नपुगेका व्यक्तिलाई सूर्तिजन्य पदार्थ नबेचिने र बेच्न नलगाइने
(ख) गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने

५. सूचना पाटी कम्तीमा ३०(तीस) सेन्टिमिटर लम्बाई र २०(बीस) सेन्टिमिटर चौडाईको हुनुपर्नेछ ।

६. कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तोकिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

७. मिति २०७३ फाल्गुन मसान्त भित्र सूर्तिजन्य पदार्थको व्यावसाय, कारोबार एवं बिक्रि वितरण गर्नेले दर्ता एवं ईजाजतपत्र लिई सक्नुपर्नेछ ।

उल्लेखित बमोजिमका व्यवस्था पालना भएको नपाइएमा सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ तथा प्रचलित नेपाल कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।